गौ.गा.का.पा.बै.सं-१६/२०८२/०८३

आज मिति २०८३/०१/२५ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम वहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री घनश्याम अर्याल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुबेदी - व. प्रशासकीय अधिकृत

भगत सिंह बली - कम्प्युटर अपरेटर

निर्णयहरु :

**निर्णय नं. १ : स्वीकृती सम्बन्धमा।**

गौमुखी गाउँपालिकाको स्रोत अनुमान तथा सिमा निर्धारण समितिले आ.व. २०८३/०८४ को लागि निर्धारण गरेको वडागत र शाखागत बजेटको स्रोत अनुमान तथा सिमा निर्धारणलाई स्वीकृत गरि तदारुकताको साथ कार्यान्वयन गर्न निर्देशन दिने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २ : पोषणमैत्री नमुना गाउँ छनौट सम्बन्धमा।**

आर्थिक वर्ष २०८२/०८३ मा पोषणमैत्री नमुना गाउँ बनाउनको लागि गौमुखी गाउँपालिकाको वडा नं. ५ लाई छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३ : एम.वि.वि.एस. डाक्टर छनौट सम्बन्धमा।**

गौमुखी गाउँपालिकाले गौमुखी आधारभुत अस्पताल संचालन गर्न लागेको र सो को लागि अनिवार्य रुपमा एमे.वि.वि.एस. डाक्टरको आवश्यक पर्ने हुदा एम.वि.वि.एस. डाक्टर छनौट तथा पद पुर्तीको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो।

**निर्णय नं. ४ : विधेयक सम्बन्धमा।**

गौमुखी गाउँपालिकाले आवश्यकता र माग बमोजिम निर्माण गरिएको देहायको विधेयक उपर विस्तृत अध्ययन र सुधार गर्नको लागि विधेयक समितिलाई जिम्मेवारी दिने सर्वसम्मत रुपमा निर्णय गरियो।

देहाय :

१. अपाङ्गता भएका व्यक्तीको परिचय पत्र वितरण कार्यविधि,२०८३
२. गौमुखी गाउँपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३
३. कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८३

**निर्णय नं. ५ : भूमि प्रशासन सेवा सम्बन्धमा।**

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट ग्रहण गर्ने सम्बन्धी अत्यन्त्र जरुरी सूचनामा हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न इच्छुक स्थानीय तहले पत्र पठाउन सूचित गरेकोमा गौमुखी गाउँपालिकाले सो सेवा प्रवाह गर्ने र सो को लागि सम्बन्धित निकायमा पत्र पठाइने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ६ : प्रदेश समपुरक र विषेश अनुदान छनौट सम्बन्धमा।**

गौमुखी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपुरक र विशेष अनुदानको लागि देहायको योजनाहरु छनौट गरि प्रदेश राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

Scanned with CamScanner

समपुरक योजना

१. हरियाखोला फलाटे सडक स्तरोन्नती
२. गौ ुखी माध्यमिक विद्यालय अधुरो भवन निर्माण

विशेष योजना

१. आधारभुत स्वास्थ्य सेवा केन्द्र कुद्र

Scanned with CamScanner